# पोखरा विश्वविद्यालय

लेखनाथ, कास्की

चलानी नं.:

## छात्रवृत्तिको कलेज स्थानान्तरण र तेस्रो लिष्ट प्रकाशित सम्बन्धि सूचना !

(क)

पोखरा विश्वविद्यालय छात्रवृत्ति छनौट समिति-२०७१ ले विज्ञान तथा प्रविधि संकाय अन्तर्गतको समूह क, ख, ग, मानविकि तथा सामाजिकशास्त्र संकाय र व्यवस्थापन संकाय अन्तर्गतको विभिन्न कार्यक्रमहरुका लागि लिइएको छात्रवृत्ति छनौट प्रवेश परीक्षाको मिति २०७१।०९।०७ गते प्रकाशित पहिलो लिष्टका सफल उम्मेदवारहरुलाई यस समितिले आवहान गरे बमोजिम सम्बन्धित उम्मेदवारहरुबाट समूह, कार्यक्रम र शैक्षिक संस्थाहरु छनौट गरी छात्रवृत्ति शाखामा बुझाएको आधारमा संलग्न लिष्ट प्रकाशित गर्ने साथै समूह, कार्यक्रम र शैक्षिक संस्था छनौटमा परेका सफल उम्मेदवारहरुले मिति २०७१।१०।०८ गतेबाट पत्र बुझि यही मिति २०७१।१०।१५ गतेभित्र सम्बन्धित शैक्षिक संस्थामा गई भर्ना भएको जानकारी छात्रवृत्ति शाखामा गराउन सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

(ख)

पोखरा विश्वविद्यालय छात्रवृत्ति छनौट समिति, २०७१ ले विज्ञान तथा प्रविधि संकाय अन्तर्गतको इन्जिनियरीङ्ग (समूह क) र स्वास्थ्य विज्ञान (समूह ख) अन्तर्गतको विभिन्न कार्यक्रमहरुको दोस्रो लिष्टका सफल उम्मेदवारहरुलाई आवहान गरे बमोजिम सम्बन्धित उम्मेदवारहरुबाट छनौट गरी छात्रवृत्ति शाखामा बुझाँएको छात्रवृत्तिको प्रकार र कार्यक्रमको फारम तथा दुईटा समूह एवं कार्यक्रममा नाम प्रकाशित भएका उम्मेदवारहरुबाट समितिले निर्धारण गरेको समयभित्र आई फारम नबुझाएकोले खाली हुनगएको ठाउँमा मेरिट लिष्टबाट नियमबमोजिम **तेस्रो लिष्ट** प्रकाशित र यसको जानकारी विश्वविद्यालयको वेभसाइड www.pu.edu.np मा र सूचना पाटीमा टाँसगरी सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

(ग)

**तेस्रो लिष्ट** प्रकाशित भएको मितिले ७ दिन भित्र (मिति २०७१।१०।०८ गतेसम्म) तपशिलको योग्यताक्रममा प्रकाशित उम्मेदवारहरुले विश्वविद्यालयको छात्रवृत्ति शाखामा सम्पर्क गरी आवेदित कार्यक्रम र शैक्षिक संस्थाको लागि दरखास्त दिन समेत सम्बन्धित सबैलाई जानकारी गराउने ।

(घ)

विश्वविद्यालय छात्रवृत्ति शाखामा मिति २०७१।१०।०२ बाट २०७१।१०।०८ गतेभित्र सम्पर्क गर्न आएका एकभन्दा बढी कार्यक्रम तथा छात्रवृत्तिको प्रकारमा नाम निकाल्न सफल **तेस्रो लिष्टका** उम्मेदवारहरुलाइ आफूले इच्छाएको एक कार्यक्रम तथा छात्रवृत्तिको प्रकार(कोटा) बाहेक अन्यबाट राजिनामा समेत दिन जानकारी गराईन्छ ।

माथि उल्लेखित प्रक्रियाकोलागि सफल उम्मेदवारहरु स्वयं उपस्थित भई छात्रवृत्ति शाखामा सम्पर्क गर्न जानकारी गराउने ।

मिति:-२०७१।१०।०२

..........................

रोशन पाण्डे

सदस्य-सचिव

पो.वि.छात्रवृत्ति छनौट समिति, २०७१

पो.ब.नं. ४२७ लेखनाथ, कास्की, फोन : ०६१-५६०६३९, ५६१०४६, फ्याक्स: ९७७-६१-५६१०४७, ५६०३९२, काठमाण्डौं फोन: ०१-४४८६९०५

इमेल: info@pu.edu.np, Website: www.pu.edu.np